बैठक संख्या ४८

कार्यपालिका बैठक मिति २०७६।०१।२४

**निर्णय नं. १**

इटहरी उपमहानगरपालिका क्षेत्र भित्र फोहर मैला व्यवस्थापन सम्बन्धमा देहाय अनुसारको एक अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

(क) उप प्रमूख - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) वातावरण उप समिति/बिषयगत समिति संयोजक - सदस्य
(घ) वडा अध्यक्ष, फोहरमैलाको दृष्टिकोणबाट प्रतिकुल असर परेका वडाको - सदस्य
(ङ) प्रमुख वा अधिकृत प्रतिनिधि, उद्योग बाणिज्य संघ, इटहरी - सदस्य
(च) प्रमुख वा अधिकृत प्रतिनिधि १ नं. प्रदेश ट्राफिक प्रहरी कार्यालय, इटहरी- सदस्य
(छ) प्रमुख वा अधिकृत प्रतिनिधि इलाका प्रहरी कार्यालय, इटहरी- सदस्य
(ज) प्रमुख वा अधिकृत प्रतिनिधि, संघ/ संस्था (नगर प्रमूखले तोकेको कम्तीमा ३ जना)- सदस्य
(झ) प्रमुख वा अधिकृत प्रतिनिधि, कवाडी संकलन ब्यबसायी - सदस्य
(ञ) प्रमुख वा अधिकृत प्रतिनिधि, वेष्ट एण्ड इन्भाइरो म्यानेजमेन्ट प्रा.लि.- सदस्य
(ट) प्रमुख वा अधिकृत प्रतिनिधि, नेपाल पत्रकार महासंघ, सुनसरी - सदस्य
(ठ) वातावरण शाखा प्रमुख - सदस्य सचिव

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिका क्षेत्र भित्रका खोलाबाट उत्खनन् हुने ढुंगा, गिट्टी, बालुवा उत्खनन् अनुगमन गर्न देहाय अनुसारको एक अनुगमन प्राविधिक उप समिति गठन गर्ने निर्णय गरियो ।

(क) वडा अध्यक्ष, नदीजन्य पदार्थ उत्खनन् तथा संकलन क्षेत्र परेका वडाको - संयोजक
(ख) ईन्जिनीयर,इ.उ.म.न.पा. - सदस्य
(ग) प्रमुख वा अधिकृत प्रतिनिधि, इलाका वन कार्यालय - सदस्य
(घ) प्रमुख वा अधिकृत प्रतिनिधि, त्यस क्षेत्रमा पर्ने सामुदायिक वन उपभोक्ता समुह- सदस्य
(ङ) वातावरण शाखा प्रमुख - सदस्य सचिव

**निर्णय नं. ३**

बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको मिति २०७५।०८।१४ को पत्रानुसार यस उपमहानगरपालिकाको जैविक फोहरबाट उर्जा बायोग्यास परियोजना संचालनको लागि त्रिपक्षिय सम्झौता बमोजिम २०७५।०९।१५ मा परियोजना सम्पन्न भै सक्ने उल्लेख भएकोमा विभिन्न कारणले कार्य सम्पन्न नभई सकेको हुँदा २०७६ असार मसान्त सम्म म्याद थप गरी पाउँ भनी अनुरोध भई आएकोले २०७६ साल असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिका वडा नं. ४ स्थित पाथिभरा तेक्वान्दो डोजाङ्गद्धारा १ नं. प्रदेश स्तरीय तेक्वान्दो प्रतियोगिता, २०७५ संचालनका लागि रु.१०,०००।- (दस हजार) नगर प्रमुख स्तरिय निर्णय अनुसार सहयोग उपलब्ध गराएकोमा उक्त खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।



केशव प्रसाद तिमाली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५**

यस उपमहानगरपालिकाको मिति २०७५ साल अशोज १८ गतेको कार्यपालिका निर्णयानुसार भुक्तानी गर्ने भनिएका गत विगतको आ.ब.मा संचालित योजना तथा कार्यक्रमहरुको सम्बन्धमा तत्कालिन छानविन समितिले पेश गरेको प्रतिबेदनमा विस्तृत विवरण उल्लेख हुन नसकी हाल सम्म रकम भुक्तानी हुन नसकेको तथा सम्बन्धित फायलमा रहेका कागजातहरु समेतको बिश्लेषण गरेको नदेखिएकोले सो सम्बन्धमा ती योजनाहरु संचालन गर्नू पर्नाको तत्कालिन परिस्थिती त्यसको कानूनी र व्यवहारिक पक्ष एवं फायल संलग्न कागजातहरुको विस्तृत विवरण सहितको अध्ययन प्रतिबेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गरी १५ दिन समय सिमा प्रदान गर्ने निर्णय गरियो ।

(क) संयोजक :- श्री लक्ष्मी गौतम, उप प्रमुख

(ख) सदस्य :- श्री नवराज नेपाल, लेखा उपसचिव

(ग) सदस्य सचिव :- श्री इन्जिनियर इटहरी उपमहानगरपालिका

**निर्णय नं. ६**

मिति २०७५ चैत्र १७ गते देखि २३ गते सम्म पश्चिम नेपालका विभिन्न नगरपालिकाहरुमा अध्ययन अवलोकन भ्रमणमा गई भ्रमणमा लागेको खर्च जम्मा रु. ८,५७,३३०। (आठ लाख सन्ताउन्न हजार तीन सय तीस रुपैया) सहित पेश हुन आएको प्रतिबेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

काव्यबाटिका पार्क निर्माण तथा व्यवस्थापन सम्बन्धमा गठित समितिबाट पेश हुन आएको प्रतिबेदन उपर छलफल भई उक्त प्रतिबेदन उपर कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

इटहरी उपमहानगरपालिका वडा नं. ४/६ स्थित रात्रीकालिन बजार संचालन तथा व्यवस्थापनको जिम्मेवारी उद्योग वाणिज्य संघ, इटहरीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

इटहरी उपमहानगरपालिका वडा नं. १ स्थित प्रहरी विट स्थापना गर्नका लागि माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

हिंसा पिडित महिला संरक्षण गृह (आवास गृह) संचालनका लागि इटहरी उपमहानगरपालिका वडा नं. २ पिपल चोक छेउ भवन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

कर राजश्व सचेतना कार्यक्रम संचालन गरी कर राजश्व संकलनलाई प्रभावकारी बनाउने निर्णय गरियो । त्यसका लागि आ-आफ्नो वडामा वडाध्यक्षज्यूको संयोजकत्वमा वडा सदस्य तथा कर्मचारी परिचालन गरी स्थलगत नगदी रसिद काटी कर संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

इटहरी उपमहानगरपालिका वडा नं. ९ मा रहेको इटहरी अस्पताललाई प्रदेश अस्पताल घोषणा गरी व्यवस्थापन तथा संचालन' गर्नका लागि प्रदेश सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

इटहरी उपमहानगरपालिका वडा नं. ४/६ स्थित नमुना रात्रीबजार संचालन हुने योजनामा शसर्त शिर्षकतर्फ रहेको रु. ७,७७,०००।- (सात लाख सतहत्तर हजार) रकमबाट सोलार बत्ती जडान गर्ने निर्णय गरियो ।



प्रमाणित
केशव प्रसाद तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत